# नेपाल असल कृषि अभ्यास (NepalGAP) प्रमाणिकरणको सम्झौता

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकाय
बबरमहल, काठमाडौं

यो सम्झौता प्रमाणिकरण निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाण्डौ, नेपाल (जसलाई यसपछि खा.प्र.गु.नि.वि. भनिएको छ) र

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

(जसलाई यसपछि यहाँ सेवाग्राही भनिएको छ) का बिच भएको छ ।

यो सम्झौता तल उल्लेख गरिएको मितिसम्म र सेवाग्राहीले खा.प्र.गु.नि.वि. बाट प्रमाणिकरणको सेवा लिइरहँदासम्म अथवा खा.प्र.गु.नि.वि. ले यो सम्झौतालाई अर्को परिष्कृत भर्सनको सम्झौताद्वारा प्रतिस्थापन नगरेसम्म मान्य रहने छ ।

खा.प्र.गु.नि.वि.बाट प्रमाणिकरण सेवा लिई राखेको सेवाग्राहीले खा.प्र.गु.नि.विभाग त्यागेर अन्य प्रमाणिकरण निकायबाट प्रमाणिकरण गराउने भइ गएमा उक्त निकायले खा.प्र.गु.नि.वि. संग वा अन्य प्रमाणिकरण निकायबाट प्रमाणिकरण सेवा लिइरहेको सेवाग्राहीले उक्त निकाय त्यागेर खा.प्र.गु.नि.विभागबाट प्रमाणिकरण गराउने भै आएमा खा.प्र.गु.नि. विभागले उक्त निकायसंग सेवाग्राहीको कार्यसम्पादन एवं उसले प्रमाणिकरण निकाय परिवर्तन गर्नुको कारण ाको विषयमा जानकारी माग गर्न सक्नेछन् ।

यस्ता जानकारीहरु गोप्य नमानिने हुँदा खा.प्र.गु.नि.विभागले ती जानकारीहरु प्रदान गर्ने छ । अन्य प्रमाणिकरण निकाय त्यागेर खा.प्र.गु.नि. विभागबाट प्रमाणिकरण गराउन आउने सेवाग्राही संग खा.प्र.गु.नि.विभागले उक्त प्रमाणिकरण निकायको सहमती पत्र (No objection letter), सबै सान्दर्भीक कागजातहरु (कुनै प्रतिकुल रिपोर्टहरु भए सो समेत), अडिट रिपोर्ट, साथै बांकी बक्यौता नभएको प्रमाणपत्र (No Dues Certificate) माग गर्न सक्ने छ ।

खा.प्र.गु.नि.विभागसंग उजुरी सुन्ने प्रकृया छ र माग भएमा उक्त प्रकृयाको बारेमा जानकारी गराइने छ ।

खा.प्र.गु.नि. विभागले लिएको निर्णयमा सेवाग्राहीको चित्त नबुझे पुनरावेदन गर्न सक्नेछ

र माग भएमा पुनरावेदन प्रकृयाको बारेमा जानकारी प्रदान गरिने छ।

**सेवाग्रही (Client) निम्न कुरामा सहमत छु।**

१. सेवाग्राहीबाट सबै प्रश्नहरु सही जवाफ एवं कारोबारमा प्रयोग भएमा समाग्रीहरुको बारेमा सही र पर्याप्त जानकारी प्रदान गरिने छ।

२. सेवागप्रहीद्वारा उत्पादन एवं ढुवानी गर्दा पूरा गर्नुपर्ने प्रावधानहरु पूरा गरिने छ। तिनीहरुमा कुनै परिवर्तन एवं परिमार्जन भएको जानकारी प्रमाणिकरण निकायबाट प्राप्त भएमा सोही बमोजिम गरिने छ।

३. सेवाग्रही एवं प्रमाणीत उपजले स्कीम नियमावलीमा व्यवस्था भए बमोजिमका प्रावधान/आवश्यकता/उत्पादनको स्तर निरन्तर पालना गरिरहने छन्।

४. सेवाग्राहीद्वारा प्रमाणिकरण निकायबाट जानकारी गराइएका प्रमाणिकरणसंग सम्बन्धीत प्रावधान (एवं त्यसमा भएका परिवर्तनहरुलाई समेत) पूर्णपालना गरिने छ।

५. उत्पादन स्थलको निरिक्षणको सन्दर्भमा आधिकारीक व्यक्तिले उत्पादनक्षेत्रमा गएर उपज, त्यसको भण्डारण, उत्पादन एवं भण्डारण गर्दा अपनाइने प्रकृया, भौतिक संरचनाहरु, कार्यालय, कागजात एवं रेकर्डहरुको निरिक्षण गर्न खोजेमा सेवाग्राहीबाट त्यसको बन्दोबस्त गरिदिनु पर्ने छ।

    क) थप निरिक्षण गर्नुपर्ने भए प्रचलीत कानून वा प्रत्यायन निकाय (Accreditation Body) को माग बमोजिम वा खा.प्र.गु.नि.विभागको स्वविवेकमा जानकारी दिएर वा नदिएरै पनि गर्न सकिने छ।

    ख) उजुरी तथा गुनासोहरुको छानविनको लागि व्यवस्था एवं सहयोग गरिदिनु पर्दछ।

    ग) सम्भव भएसम्म पर्यवेक्षकहरु, अतिरिक्त अडिटरहरु एवं विशेषज्ञहरुलाई पनि निरिक्षण कार्यमा सहभागी हुन दिनुपर्दछ।

६. दावीहरु प्रस्तुत गर्दा प्रमाणिकरणको विषयवस्तुले समेट्ने खालका दावीहरु मात्र प्रस्तुत गर्नुपर्दछ।

७. निरिक्षणको क्रममा उत्पादन प्रकृयाको बारेमा जानकार र आधिकारीक व्यक्तिको उपस्थिति हुनुपर्दछ ।

८. कारोबारसंग सम्बन्धीत सबै रेकर्डहरु न्यूनतम २ वर्ष सम्म वा कानूनमा यो भन्दा बढी अवधी उल्लेख भएमा सोही अवधीसम्म कायम राख्नुपर्ने छ ।

९. सेवाग्राहीको जानकारीमा आएका वा पठाइएका प्रमाणिकरणसंग सम्बन्धीत उजुरीहरुको रेकर्ड राख्नुपर्दछ; र माग भइ आएमा यस्ता रेकर्डहरु खा.प्र.गु.नि.वि. मा प्रस्तुत गर्नुपर्दछ; प्रमाणिकरणलाई असर पर्न सक्ने कमि कमजोरीहरु उजुरीमा उल्लेख भए त्यसमा सुधार गर्ने कार्यहरु गर्नुपर्दछ र ती कार्यहरुको पनि रेकर्डहरु राख्नुपर्दछ ।

१०. स्किम नियमावलीको पालना भए नभएको यकीन गर्न यस्ता रेकर्डहरु खा.प्र.गु.नि.विभागका आधिकारीक प्रतिनिधि वा प्रत्यायन निकाय (Accreditation Body) प्रतिनिधि वा अन्य कुनै अधिकार प्राप्त व्यक्तिले कार्यालय समय भित्र हेर्न अथवा प्रतिलिपि निकाल्न चाहेमा सोको अनुमती दिनुपर्ने छ ।

११. प्रमाणिकरणको लागि आवश्यक गुणस्तर भए नभएको यकीन गर्न वा उजुरीहरु उपर अनुसन्धान गर्न खा.प्र.गु.नि.विभागका आधिकारीक प्रतिनिधि वा प्रत्यायन निकायका प्रतिनिधि वा अन्य कुनै अधिकार प्राप्त ब्यक्तीले बिरुवा, माटो, कृषि उपज, वा अन्य पदार्थ हरुको नमूना लिइ परिक्षण गर्न चाहेमा सेवाग्राहीले अनुमती दिनुपर्नेछ ।

१२. प्रमाणिकरण प्रयोजनका लागि खा.प्र.गु.नि.वि. ले आफ्नो मातहत रहने गरि कुनै सहयोगी संस्था वा व्यक्तिलाई प्रयोग गरेमा सेवाग्राहीलाई मान्य हुने छ ।

१३. खा.प्र.गु.नि.वि. ले लगाएको दस्तुर/शुल्क सेवाग्रहीले तिर्नुपर्नेछ ।

१४. प्रत्यायन निकाय वा कानूनद्वारा लगाइएका शुल्क वा जरिवाना सेवाग्राहीले तिर्नुपर्नेछ ।

१५. सेवाग्राहीद्वारा पेश गरिएका कागजातहरु एवं निरिक्षणहरुबाट प्राप्त सूचनाहरुको अध्ययनका आधारमा खा.प्र.गु.नि.वि.ले दिएका निर्देशनएवं प्रस्तुत गरेका शर्तहरुको पालना सेवाग्राहीले गर्नुपर्नेछ ।

१६. प्रमाणिकरणलाई असर पार्ने खालका तल दिइएका लगायत अन्य कुनै पनि खालका कार्यहरु हुन गएमा तुरुन्त खा.प्र.गु.नि.वि. लाई जानकारी गराइनेछ ।

क) निषेधित सामाग्रीहरुको प्रयोग ।

ख) कुनै प्रमाणी प्रकृयामा वा त्यसको कुनै अंशमा कुनै परिवर्तन गरिएमा र यस्ता परिवर्तन स्कीम नियमावली अनुसारको नभएमा ।

ग) संस्थागत, व्यापारिक वा कानूनी हैशियतमा अथवा स्वामीत्वमा कुनै परिवर्तन भएमा ।

घ) संगठन र/वा व्यवस्थापन (निर्णयकर्ता वा व्यवस्थापक वा प्राविधिक जनशक्ति समेत) मा कुनै परिवर्तन भएमा

ङ) कुनै उपज र/वा त्यसका उत्पादन विधिमा कुनै परिवर्तन वा सुधार गरिएमा ।

च) उत्पादन स्थल र/वा सम्पर्क ठेगानामा कुनै परिवर्तन भएमा ।

छ) गुणस्तर व्यवस्थापन पद्धती (Quality Management System) मा कुनै महत्वपूर्ण परिवर्तन भएमा ।

१७. खा.प्र.गु.नि.वि. को सहमती एवं स्कीमको स्वामीत्व लिएको निकायको स्विकृती प्राप्त उपजहरुलाई मात्र "खा.प्र.गु.नि.वि.द्वारा प्रमाणीत" भनेर प्रस्तुत गर्न सकिने५ ।

क) खा.प्र.गु.नि.वि. बाट प्रमाणिकरण प्राप्त भइरहेको अवस्थामा र खा.प्र.गु.नि.वि. बाट लिखित स्विकृती प्राप्त भएको अवस्थामा बाहेक सेवाग्राहीबाट खा.प्र.गु.नि.वि. को नाम, लोगो अथवा प्रमाणिकरण चिन्ह प्रयोग गर्न पाइने छैन; प्रयोग भएको पाइएमा नक्कल गरेको ठहरिनेछ ।

ख) प्रमाणिकरण निकायले प्रत्यायन चिन्ह (Accreditation Mark) लाई प्रमाणीत उपजहरुमा प्रयोग गर्न दिनेछैन ।

१८. सेवाग्राही प्रमाणिकरण प्रकृयाबाट बाहिरिएमा अथवा अन्य प्रमाणिकरण निकायमा सरेमा वा निलम्बन भएमा वा प्रमाणिकरण सम्झौता अन्त्य भएमा, लगायत कुनै कारण

ाबाट सेवाग्राहीले प्रमाणिकरण शेवा नलिने भएमा खा.प्र.गु.नि.बिभाग बाट प्रमाणिकरण भएको जनाउने सर्टीफिकेट, प्याकेजिङ्ग सामाग्री, स्टिकर लगायतका सबै सामाग्रीहरुको प्रयोग बन्द गरि त्यस्ता सामाग्री खा.प्र.गु.नि.वि. मा फिर्ता गर्नुपर्नेछ अथवा नष्ट गर्नुपर्नेछ ।

१९. कानूनले मागे बमोजिमका वा प्रमाणिकरणमा आवश्यक परेका जानकारीहरु प्रदान गरिने छ। यस अन्तर्गत कारोबारको नाम, सम्पर्क ठेगाना, कारोबारको प्रकार, उत्पादीत उपजहरु प्रमाणिकरण मिति लगायत पर्दछन् ।

२०. निर्यात प्रयोजनका लागि सरकारी निकाय वा अन्य प्रमाणिकरण निकायले निरिक्षण एवं प्रमाणिकरण सम्बन्धी कागजात अध्ययन गर्न मागेमा ती कागजातहरु उपलब्ध गराउन सहमती दिइनेछ ।

२१. उपज प्रमाणिकरणलाई खा.प्र.गु.नि.वि. को बदनामी हुने तवरले प्रयोग गरिने छैन, साथै खा.प्र.गु.नि.वि.ले “भ्रमपुर्ण वा अनाधिकृत” भनि ठानेका कथनहरु (Statements) पनि उल्लेख गरिने छैन ।

२२. यदि बिभागमा पेशभैसकेका प्रमाणिकरण सम्बन्धी कागजातहरु कुनै अन्य निकायलाई प्रदान गर्नुपर्ने अवस्था हुनआएमा खा.प्र.गु.नि.वि.लाई स्किममा व्यवस्था भए बमोजिम सम्पूर्ण कागजातहरु फेरि उपलब्ध गराउनुपर्नेछ ।

२३. उपज प्रमाणिकरणलाई पर्चा, ब्रोसर (brochure), विज्ञापन जस्ता सञ्चार माध्यमबाट प्रचार प्रसार गर्दा खा.प्र.गु.नि.वि. ले भने बमोजिम वा स्कीममा व्यवस्था भए बमोजिम गर्नुपर्दछ ।

२४. प्रमाणिकरण चिन्ह प्रयोग गर्दा सेवाग्राहीले पालना गर्नुपर्ने भनि प्रमाणिकरण स्कीममा सुझाइएका आवश्यक प्रावधानहरुलाई पालना गर्नै पर्दछ। पालना नगरिएमा सेवाग्राहीले जरिवाना व्यहोर्नु पर्ने हुनाका साथै “प्रमाणिकरण प्राप्त” भन्ने हैसियत गुमाउनुपर्ने हुनसक्छ ।

२५. सेवाग्राहीको असफलताको कारण उत्पन्न आर्थिक दायित्वको वहन सेवाग्राही आफैंले गर्नुपर्दछ ।

२६. प्रमाणको भार :- कुनै उत्पादक वा उपजको प्रमाणिकरणमा गम्भीर असर पार्नसक्ने सूचना/उजुरी (MRL नाघेको, माइक्रोबियल कन्ट्यामीनेसन आदि) पर्न आएमा खा.प्र.गु.नि.वि.बाट त्यस्ता उजुरीहरु उत्पादकलाई जानकारी दिएर NepalGAP सचिवालयमा पठाइने छ । त्यस्ता उजुरीहरुको खण्डन एवं आफ्नो उपज र कारोबार NepalGAP को स्तर अनुरुप भएको सावित गर्ने प्रमाणहरु जुटाउनु उत्पादकको दायत्व मानिने छ ।

**यस्तो अवस्थामा**

क. यदि प्रमाणिकरण निकायले छानविन गरेमा प्राप्त नतिजाहरु एवं गरिएका कारवाहिहरुको जानकारी NepalGAP सचिवालयमा पठाइने छ ।

ख. यदि उतपादक, विक्रेता वा उपजको धनी स्वयं आफैंले छानविन गरेमा, प्राप्त नतिजाहरु NepalGAP सचिवालयमा पठाउनुपर्नेछ र त्यहाँबाट प्रमाणिकरण निकायलाई उपयुक्त कदम चाल्नको लागि जानकारी गराइनेछ ।

ग. NepalGAP सचिवालयले उत्पादकलाई आवश्यक काम गर्न केही निश्चित समयावधी प्रदान गर्ने छ ।

घ. यदि उत्पादक वा उत्पादक समूहले उपलब्ध गराएका प्रमाणहरु प्रमाणिकरण निकायले पर्याप्त नठानेमा प्रमाणिकरण निकायले रोक्का आदेश जारी गर्नसक्ने छ र यसको लागि रोक्का सम्बन्धी महलमा उल्लेखित प्रकृया अवलम्बन गर्ने छ ।

२७. उत्पादकले आफ्ना उपजहरुको पहिचान गर्न पहिचान सूत्र (Traceability) राखेको हुनुपर्नेछ । यसको लागि उत्पादीत, वितरित एवं मौज्दात पदार्थको परिमाण (mass balance), ढुवानी, भण्डारण, एवं बिकि गरिएका ठाउँहरुको रेकर्ड लगायत कुनै पनि मामलाको अध्ययन एवं विश्लेषण गर्न आवश्यक पर्नसक्ने सबै रेकर्डहरु राखिएको

हुनुपर्दछ। प्रयोगशाला विश्लेषण प्रतिवेदनलाई प्रमाणको रुपमा प्रस्तुत गर्ने भए उक्त प्रयोगशाला "प्रत्यायन प्राप्त" (Accreditated (ISO 17025 बमोजिम) हुनुपर्दछ र नमूना संकलन स्वतन्त्र रुपमा भएको हुनुपर्नेछ।

**खा.प्र.गु.नि.विभाग निम्न कुरामा सहमत छ।**

१. रितपूर्वकको निवेदन, आवश्यक कागजातहरु एवं अग्रिम शुल्क प्राप्त भएको एक महीना भित्रमा दर्ता पत्र (Registration Letter) दिइनेछ।

२. सेवाग्राही निरिक्षण कार्य गराउन तयार भएपछि निवेदनमा उल्लेख भएका अडिट क्राइटेयिाया एवं क्षेत्र बमोजिम निरिक्षण एवं अडिटको काम गरिने छ।

३. प्रमाणिकरणको लागि आवश्यक कुराहरुमा कुनै परिवर्तन भए सेवाग्राहीलाई जानकारी दिइनेछ।

४. प्रमाणिकरणको लागि चाहिने आवश्यक सबै कुराहरु पूरा भएपछि [उदाहरण : मुल्याङ्कन सकिएपछि, देखिएको कमीकमजोरी हटाइएपछि र प्रमाणिकरणमा लाग्ने दस्तुरहरु तिरिसकेपछि ] ३० दिन भित्र प्रमाणपत्र दिइनेछ।

५. काममा गोप्यता राखिने छ। कानूनले वा स्कीम धनी (Skim Owner) ले वा प्रत्यायन निकाय (Accreditation Body) ले मागे बमोजिम बाहेक गोप्य सूचनाहरु कसैलाई दिइने छैन।

यो लिखत हामीले सेवाग्राहीसंग प्रमाणिकरण सम्बन्धी कार्य गर्न गरिएको कानूनी रुपमा बाध्यकारी सम्झौता हो। यस सम्झौताको उल्लंघन गरेमा खा.प्र.गु.नि.वि. बाट भइरहेको वा भइसकेका प्रमाणिकरण रद्द हुनाका साथै कानूनी कारबाहीको भागिदार हुनुपर्ने छ र यस्तो भएमा तिरिसकेको रकमहरु फिर्ता हुने छैनन्।

खा.प्र.गु.नि.विभाग अवस्थित क्षेत्रको अदालतमा मात्र यस सम्बन्धी मुद्दा चलाउन पाइनेछ।

सेवाग्राहीको तर्फबाट मलाई यो सम्झौता गर्न अधिकार प्राप्त छ, सम्झौताका शर्तहरु मलाई मान्य छन् र तिनीहरुको पालना गर्ने छु। सम्झौताको उल्लङ्घन गरेमा वा झुठा विवरण

प्रस्तुत गरेमा सम्झौता खारेज भई प्रमाणिकरण अस्विकृत वा निलम्बन वा फिर्ता हुनेछ भन्ने मैले बुझेको छु ।

आधिकारीक प्रतिनिधिको नाम :...........................................................................

दस्तखत :.....................................

मितिः ........................................ स्थानः ..................................................

खा.प्र.गु.नि.विभागको तर्फबाटः

स्कीम म्यानेजर (नाम): ...................................................................................

दस्तखत :.............................

This agreement is executed between the certification body, Department of Food Technology and Quality Control , Babar Mahal, Kathmandu, Nepal, herein after referred to as DFTQC, and

______________________________________________________________________

______________________________________________________________________

**Herein after referred to as Client**

This agreement is valid from the date mentioned below and valid till the client continues certification with DFTQC or until this agreement is replaced with an updated version of agreement by DFTQC.

In case of transfer of certificate or application, when the client decides to move from DFTQC to another CB and vice versa, the CB to which the client is now moving may ask the DFTQC the information on the reasons for such movement or the performance of the client with respect to the certification requirements. Such information shall not be considered as confidential and the DFTQC will inform the other CB. In case a client is coming to DFTQC from another CB the client needs to seek a No Objection Certificate from other CB and all relevant details including the Non Conformance report, audit report and no dues certificate declaring that there are no dues pending with the Client from its earlier CB.

DFTQC has a complaint procedure and will be available on request.

There is provision for appeal and the client can appeal against any decision taken by DFTQC and the appeal procedure is available on request.

Client agrees that: -

1. Provide complete and accurate information on all questionnaires and other application materials representing the operation.
2. Comply with the applicable certification and handling requirement and its updates/ changes as and when communicated by the CB.
3. The client and the certified product continue to fulfill the product requirement as per the scheme regulation.
4. The client agrees fulfill the certification requirements including implementing of appropriate changes when they are communicated by the certification bodies.
5. Permit and make necessary arrangement on-site inspections with complete access to the production or handling operation, including noncertified production and handling areas, structures, offices, documents, records and any sub-contracted operations
   a. Additional inspections may be announced or unannounced at the discretion of DFTQC or as required by the Accreditation body or other applicable authorized persons or as required by law.
   b. Support and make necessary arrangement for investigation of complaints
   c. Allow participation of Observers , Witnessing auditors, Technical experts if applicable
6. Make claims regarding certification only consistent with the scope of certification.

7. Have an authorized representative knowledgeable about the operation present during the inspection;
8. Maintain all records applicable to the operation for not less than 2 years beyond their creation or more if required by country's law
9. Maintain records of all complaints made known to it relating to compliance with certification requirements and makes these records available to DFTQC when requested; and takes appropriate action with respect to such complaints and any deficiencies found in product that affect compliance with the certification and document the actions taken
10. Allow authorized representatives of DFTQC, Accreditation body, or other applicable authorized persons, access to such records during normal business hours for review and copying to determine compliance with the scheme regulations;
11. Allow authorized representatives of DFTQC, Accreditation body, or other applicable authorized persons to take samples of plants, soil, crops, or other substances for testing to be used in the assessment of compliance to certification standards; or to investigate any complaints
12. Consent to the use of subcontractors working under the direction and authority of DFTQC;
13. Pay the applicable fees charged by the DFTQC
14. Pay any fine or charges imposed by the Accreditation body, Standard owner or by law;
15. Comply with all requirements and/or conditions levied by DFTQC as a result of its review of our application and associated documents including inspection information.
16. Immediately notify the DFTQC concerning any changes that may affect its ability to conform with the certification requirement which may include but not limited to:
    a. Application of prohibited inputs,
    b. Change in a certified operation or any portion of a certified operation that may affect its compliance with the regulations.
    c. Change in the legal, commercial, organizational status or owner ship
    d. Change in organization and management (e.g. Key managerial, decision-making or technical staff)
    e. Change in modification in the product or production method
    f. Change in contact address and production sites
    g. Major changes in the quality management system
17. Represent products as being "Certified by DFTQC" only when those off line products as approved by the Scheme Owner and agreed by DFTQC.
    a. Any use of the DFTQC name, logo, or certification mark, without current certification by DFTQC and written permission from DFTQC, is strictly prohibited and constitutes an infringement of the DFTQC trademark.
    b. The certification body shall not allow the accreditation mark to be used in certified produce
18. Upon surrender, suspension, or termination of certification, discontinue use of any labels or advertising materials that contain any reference to certification by DFTQC

and return or destroy all certificates and packaging material containing references to DFTQC.

19. Allow the release of information as required by law or the applicable standard for which certification is granted. This includes the name of the operation, contact information, type(s) of operation, products produced, and the effective date of the certification.
20. When required for export purposes, allow the release of inspection and certification documentation for document review by other certification agencies or government authorities.
21. Will not use its product certification in such a manner so as to bring DFTQC into disrepute and shall not make any statement regarding its product certification that DFTQC may consider misleading or unauthorized.
22. If a copy of certification document is provided to others, then the documents shall be reproduced in their entirety or as specified in the certification scheme.
23. While making reference to its product certification in communication media such as documents, brochures or advertising, the client complies with the requirements of DFTQC or as specified by the certification scheme as applicable.
24. Shall comply with any requirement that may prescribe in certification scheme relating to the use of marks of conformity and on information related to the product. The client shall attract provisions of penalties and even loss of certification status in case the above requirements are not adhered.
25. Any liability arising out of the failure from the client shall be borne by the client
26. Burden of Proof:- In the case of information (e.g. MRL exceedance, microbial contamination, etc.) bearing potential impact on the certified status/claim is transmitted to the NepalGAP about a NepalGAP certified producer by DFTQC, it is the responsibility of the producer to refute the claim by verifying and providing evidence for compliance with the NepalGAP Standard.

    **In these cases:**

    I. If the CB conducts the investigation, the findings and actions taken will be reported to the NEPALGAP, or
    II. If the retailer or owner of the product conducts their own investigation, they shall report the findings back to the NEPALGAP who in turn will inform the CB to take appropriate action.
    III. NEPALGAP will give the producer a certain amount of time to do this.
    IV. If the CB does not deem the supplied evidence by the legal entity (producer or Producer Group) adequate, the CB will issue a sanction and will follow the normal sanctioning procedures as described in Sanction Catalogue.
27. Producers will have to have full traceability in place – this could include mass balance, Chain of Custody and any others records needed to verify and check the case. In case the evidence includes laboratory analyses, accredited laboratories (ISO 17025) and independent sampling must be included.

**DFTQC Agrees that**

1. We issue a letter of registration within one month of receipt of the completed application, associated documents and the advance of fees.

2. Conduct the inspection/audit as per the scope and audit criteria in the application once the client is ready to face the inspection.
3. Will inform any changes in the certification requirement.
4. Will issue certificate within 30 days once the requirements for certification is fulfilled (i.e. evaluation completed and any non-conformance detected is closed and the certification fees are paid)
5. Maintain confidentially regarding operation, the confidential information shall not be shared unless it is required by law or by the Scheme owner or by Accreditation Body.

*This document is a legally enforceable agreement for the provision of certification activities with our clients. Violating agreement conditions would attract legal actions and might result in the cancellation of current/previous certifications provided by DFTQC with no refunds of processing and other charges; only the court situated within the territorial jurisdiction of the DFTQC shall have the jurisdiction to try and entertain the same.*

*On behalf of the client I affirm that I have the authority to sign this document and I agree and will abide to the above requirements, and that I understand that any misrepresentation or violation of this agreement may be cause for denial, suspension, or withdrawal of certification and cancellation of contract.*

Name of Authorized Representative

Signature Place:-
Date :-

DFTQC
Scheme Manager